# कम्पनीको प्रधान कार्यालय कुलेश्वर, काठमाडौंस्थित ३० वटा सटर कवल एकमुष्ट भाडामा दिने सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान

**(प्रथम पटक प्रकाशित मिति : २०८०।११।२५)**

१. कम्पनीको स्वामित्वमा रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं.-१४ कुलेश्वर, काठमाडौंस्थित कुलेश्वर-टेकू सडक खण्डसँगै जोडिएर रहेका ३० वटा सटर कवल एकमुष्ट ६(छ) वर्षका लागि भाडामा लिन इच्छुक व्यक्ति, फर्म/कम्पनी/सङ्घ/संस्थाहरूबाट रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

| क्र.सं. | भाडामा दिने भौतिक सम्पत्तिको विवरण | एकाइ | मासिक न्यूनतम भाडा रकम (बहाल कर समेत) रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| (१) | का.जि.का.म.न.पा. वडा नं.-१४ कुलेश्वर, काठमाडौंस्थित कुलेश्वर-टेकू सडक खण्डसँगै जोडिएर रहेका ३० वटा सटरकवल एकमुष्ट भाडा लगाउने सम्बन्धी। | ३० वटा | २१,०२,५८९।- (एक्काईस लाख दुई हजार पाँच सय उनान्नब्बे मात्र) | ७,५६,०००।- |

२. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाले कालीमाटीस्थित नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको कृषि सामग्री कम्पनी लिमिटेडको खाता नं. ०१७०१०३०००१९२२ मा रु. ५,०००।- (फिर्ता नहुने) गरी बुझाएको सक्कल प्रति बैंक भौचर र लिखित निवेदन पेस गरी यो सूचना प्रकाशित भएको मितिले ३०औँ दिन अर्थात् मिति २०८०।१२।२४ गते कार्यालय समयभित्र कृषि सामग्री कम्पनी लिमिटेड, प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन्।

३. बोलपत्र दाताले कम्पनीबाट खरिद गरिएको बोलपत्र कागजात (सक्कलै) भरी सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले ३१औँ दिन अर्थात् मिति २०८०।१२।२५ गते १३:०० बजेभित्र कम्पनीको प्रधान कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ। तोकिएको मिति र समय पश्चात् प्राप्त भएका तथा रीतपूर्वक प्राप्त नभएका बोलपत्रहरू उपर कुनै कारबाही गरिनेछैन।

४. प्राप्त सिलबन्दी बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ३१औँ दिन अर्थात् मिति २०८०।१२।२५ गते दिनको १४:०० बजे बोलपत्र दाताहरूको तर्फबाट उपस्थित प्रतिनिधिहरूको तथा कार्यालयको प्रतिनिधिहरूको रोहवरमा कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँमा खोलिनेछ। बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा वा भएर पनि हस्ताक्षर नगरेता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र जमानत बापतको रकम कालीमाटीस्थित नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको कम्पनीको खाता नं. ०१७०१०३०००१९२२ मा सम्बन्धित बोलपत्र दाताकै नामबाट जम्मा भएको सक्कल भौचर वा कुनै 'क' वर्गको वाणिज्य बैंकले कम्पनीको नाममा जारी गरेको बोलपत्र पेस गर्ने अन्तिम मितिबाट कम्तीमा १२० (एक सय बीस) दिन म्याद कायम रहेको सर्त रहितको बैंक ग्यारेन्टीको सक्कल प्रति बोलपत्र साथ संलग्न हुनुपर्नेछ।

६. बोलपत्र पेस गर्ने अन्तिम दिन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरू त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

७. बोलपत्र दाताले बोलपत्र दाखिला गर्नु अगावै उक्त सटर कवलको स्थलगत अवलोकन गर्न चाहेमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गरी कार्यालय समयमा अवलोकन गर्न सक्नेछन्।

८. बोलपत्र दाताले पेस गरेको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने, आंशिक वा पूर्ण स्वीकृत गर्ने जस्ता सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।

९. बोलपत्र दाताले आधारभूत र वित्तीय प्रस्ताव भरी सोमा तोकिए बमोजिमका आवश्यक कागजातहरू सहित बोलपत्र जमानत बापत रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक ग्यारेन्टीको सक्कलै प्रति संलग्न गरी छुट्टा-छुट्टै पेस गर्नुपर्नेछ। यसरी पेस गर्दा आधारभूत र वित्तीय विषयको प्रस्ताव छुट्टा-छुट्टै खाममा राखी सिलबन्दी गरी पुनः दुबै सिलबन्दी खामलाई एउटै खाममा राखी सिलबन्दी लाहाछाप गरी पेस गर्नुपर्नेछ। साथै प्रत्येक सिलबन्दी खामको बाहिर शीर्ष भागमा "कम्पनीको प्रधान कार्यालय, कुलेश्वर काठमाडौंस्थित ३० वटा सटर कवल एकमुष्ट भाडामा लिने सम्बन्धी बोलपत्र/आधारभूत विषय/वित्तीय विषयको बोलपत्र" भनी प्रष्ट लेखी प्रत्येक सिलबन्दी खामको दायाँतर्फ कम्पनीलाई सम्बोधन गरी र बायाँतर्फ बोलपत्र दाताको नाम, ठेगाना समेत लेखी रीतपूर्वक कम्पनीमा बुझाउनुपर्नेछ।

१०. यस सूचना पूर्व कम्पनीसँग कुनै पनि प्रकारले कारोबारमा संलग्न भई कम्पनीलाई रकम कोलम तिर्न बुझाउन बाँकी रहेको कुनै पनि व्यक्ति/फर्म/सङ्घ/संस्था वा निकायको बोलपत्र स्वीकार गरिनेछैन।

११. बोलपत्रको मान्य अवधि बोलपत्र पेस गर्ने अन्तिम मितिबाट ९० दिनको हुनेछ।

१२. बोलपत्र सम्बन्धी अन्य आवश्यक कुराहरू बोलपत्र आवेदन फाराममा संलग्न रहेको अनुसूची-७ लगायतका कागजातमा उल्लेख रहेको छ। थप जानकारी आवश्यक भएमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

१३. उल्लिखित भौतिक संरचना जे-जस्तो अवस्थामा छ सोही अवस्थामा भाडामा लगाइनेछ।


**कृषि सामग्री कम्पनी लिमिटेड**

**(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)**

**योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा**

**प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ**

**फोन नं.: ०१-५३७९७१७**